कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

# वायु प्रदुषण सम्बन्धी वातावरण विभाग तथा कागेश्वरी मनोहरा नगरपालिकाको अपिल

## मितिः २०८२ मङ्सिर १ गते

जाडो महिनाको सुरुवातसँगै वायु प्रदुषण पनि क्रमिक रुपमा वृद्धि हुने गर्दछ। वायु प्रदुषणबाट मानव स्वास्थ्यमा प्रतिकूल असर पर्दछ। विशेषगरी वृद्धवृद्धा, बालबालिका, श्वासप्रश्वास, मुटु रोगी, दिर्घरोगी साथै गर्भावस्थाका महिला यसबाट बढी प्रभावित हुने भएकोले यस्तो बेला विशेष सावधानी अपनाउन वातावरण विभाग तथा कागेश्वरी मनोहरा नगरपालिका हार्दिक अपिल गर्दछ।

तशर्थ खुला आकासमा फोहर बाल्ने, (ताप्ने नगर्ने), कृषि अवशेष नजलाउन (नबाल्न), प्लाष्टिकजन्य फोहर नजलाउन, पेट्रोलियमजन्य पदार्थ, कोइला लगायतका उर्जा स्रोतको मितव्ययी प्रयोग गर्ने, निर्माण कार्य गर्दा, गराउँदा धुलो नियन्त्रणका यथासम्भव सबै उपाय अपनाउन, प्रदुषण उत्सर्जनका अन्य स्रोतको विवेकपुर्ण उपयोग गर्न अनुरोध गर्दछ। वायु प्रदुषण रोकथाममा आम समुदाय सचेत भई नियन्त्रणको लागि सरोकारवाला निकायसँग हातेमालो गर्दै न्यूनिकरणमा सहयोग गर्न सबैमा विभाग तथा नगरपालिका हार्दिक अपिल गर्दछ ।